ऐन संख्या.....

स्वर्गद्वारी नगरपालिका

# स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन - २०७७

नगर सभामा पेश गरेको मिति :२०७७/०३/१०
स्वीकृत/प्रमाणिकरण मिति : २०७७/०३/२५

## स्वर्गद्वारी नगरपालिका

प्रदेश नं. ५

भिंगृ, प्यूठान

# <u>स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन - २०७७</u>

**स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको बिधेयक**

**२०७७**

**<u>प्रस्तावना :</u>** स्वर्गद्वारी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम स्वर्गद्वारी नगर सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "स्वर्गद्वारी नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**<u>आर्थिक वर्ष २०७७/०७८ को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>**

१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाहरुले गर्ते सेवा र कार्यहरुका निमित्त अनुसूची मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च, शर्शत अनुदान संघीय सरकार र प्रदेस सरकारवााट प्राप्त वित्तिय समानिकरण अनुदान,राजश्व बाँडफाटबाट प्राप्त अनुदान,विषेश अनुदान, समपुरक अनुदान, आन्तरिक आय र अन्य रकम एबं बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु....... करोड........ लाख ....... हजारमा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिने छ। तर यो बजेटमा संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत र अन्य निकायवाट थप बजेट प्राप्त भएमा सोही अनुसार खर्च गर्न बाधा पर्ने छैन।

**<u>३. विनियोजन :</u>**
१) यस ऐनद्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त स्वर्गद्वारी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुले सम्पादन गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाको बैठकको निर्णयले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम रकमान्तर गर्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा

रकम रकमान्तर तथा निकासा र खर्च जनाउन सकिने छ। पुँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ रकमान्तर र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन तर चालू तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकवाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न नगर सभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूची-१
(दफा २ संग सम्वन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | बाह्य श्रोतवाट | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगरपालिकाको कार्यालय | ० | ० | ० | ० |
| २ | | वडा कार्यालयहरु | ० | ० | ० | ० |
| ३ | | शर्शत अनुदान,संघीय सरकार | २२८८००००० | ० | ० | २२८८००००० |
| ४ | | शर्शत अनुदान प्रदेश सरकार | ० | १७८५००००। | ० | १७८५००००। |
| ५ | | वित्तिय समानिकरण अनुदान संघीय सरकार | ० | १०५९०००००। | ० | १०५९०००००। |
| ६ | | राजश्व बाँडफाटबाट प्राप्त अनुदान संघीय सरकार | ० | ९,४८,८४,४५९। | ० | ९,४८,८४,४५९। |
| ७ | | वित्तिय समानिकरण अनुदान प्रदेस सरकार | ० | ५२,५२०००। | ० | ५२,५२०००। |
| ८ | | राजश्व बाँडफाट(सवारी साधन कर) अनुदान प्रदेश सरकार | ० | ४६,४७,०००। | ० | ४६,४७,०००। |
| ९ | | संघीय समपुरक अनुदान | ० | ० | ० | ० |
| १० | | प्रदेश समपुरक अनुदान | ० | २००००००० | ० | ० |
| ११ | | विषेश अनुदान संघीय सरकार (भुल्के लिफ्ट खा.पा.तथा स.स.आयोजना) | ० | १,००,००,०००। | ० | १०००००००। |
| १२ | | विषेश अनुदान प्रदेश सरकार | ० | ७००००००। | ० | ७००००००। |
| १३ | | सामाजिक सुरक्षा भत्ता | ८,००,००,०००। | ० | ० | ८,००,००,०००। |
| १४ | | ऋणको सावा,व्याज र भुक्तानी | ० | ० | ० | ० |
| १५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| १६ | | आन्तरिक आम्दानी | ११७००००००। | ० | ० | ११७००००००। |
| १६ | | अन्य | ० | ० | ० | ० |
| जम्मा | | | ३२०५०००००। | २६५५३३४५९। | ० | ५८६०३३४५९। |